# उच्चशिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८०

(आयोगबाट पहिलो संशोधन स्वीकृत मिति २०८१।९।२५)

विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

# उच्चशिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८०

**प्रस्तावना**: नेपालको संविधानमा व्यवस्थित शिक्षा सम्बन्धी हकको संरक्षण गरी विभिन्न जात, जाति, वर्ग र समुदायका लागि उच्च शिक्षाको अध्ययनमा सहजीकरण गर्न विश्वविद्यालय अनुदान आयोगबाट प्रदान हुँदै आएका विभिन्न प्रकृतिका छात्रवृत्ति सम्बन्धी व्यवस्थालाई एकीकरण गरी छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी कानुनी व्यवस्थामा एकरूपता कायम गर्न, छात्रवृत्ति वितरणलाई व्यवस्थित, मितव्ययी, अनुमानयोग्य, आवधिक वजेट अनुकूल हुने गरी कायम गर्न र छात्रवृत्तिसम्बन्धी व्यवस्थालाई सहज, सरल र प्रभावकारी बनाइ वास्तविक व्यक्तिले उच्च शिक्षा तर्फको छात्रवृत्ति पाउने गरी आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

विश्वविद्यालय अनुदान आयोग कार्य व्यवस्था नियमावली, २०६० को नियम ११.९ बमोजिम विश्वविद्यालय अनुदान आयोगले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो निर्देशिकाको नाम "उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८० " रहेको छ ।

(२) यो निर्देशिका आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग सम्झनु पर्छ ।

(ग) "आर्थिकरूपले विपन्न विद्यार्थी" भन्नाले नेपाल सरकारद्वारा विपन्न भनी पञ्जीकृत परिवारका विद्यार्थी सम्झनु पर्छ र सो शब्दले त्यस्तो विपन्न घरपरिवारको पञ्जिकृत हुन नसकी वा अन्य वैकल्पिक व्यवस्था नभएमा विद्यार्थीले भरेको प्रश्नावलीबाट प्राप्त नतिजालाई आधारमानी प्रतिनिधिमूलक सूचक प्रणाली (प्रोक्सी मिन्स टेस्टिङ - पीएमटी) अनुसार विश्लेषण गरी पीएमटी क्विन्टाइलका आधारमा पुरूष विद्यार्थीको हकमा प्रथम र द्वितीय क्विन्टाइल तथा महिला विद्यार्थीको हकमा प्रथम, द्वितीय र तृतीय क्विन्टाइलसम्मबाट छनोटमा परेका विद्यार्थीलाई सम्झनु पर्छ ।

(घ) "उच्चशिक्षा" भन्नाले नेपालका विश्वविद्यालयमा वा विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पस (महाविद्यालय) वा केन्द्रीय विभाग वा नेपालभित्रका विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालनमा रहेका उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थामा स्नातक तह वा सोभन्दा माथिको तहमा भर्ना भइ अध्ययनरत शिक्षालाई सम्झनु पर्छ ।

(ङ) "उच्च शैक्षिक संस्था" भन्नाले स्नातक वा सो भन्दा माथिल्लो तहको अध्यापन गराउन प्रचलित कानुन बमोजिम स्थापना भइ सञ्चालनमा रहेका विश्वविद्यालय, विश्वविद्यालय अन्तर्गतका स्कुल वा केन्द्रीय विभाग वा आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पस (महाविद्यालय) लाई सम्झनु पर्छ र सो शब्दले उच्च शिक्षा प्रदान गर्न प्रचलित कानुन बमोजिम स्थापना भएका प्रतिष्ठान समेतलाई जनाउँछ ।

(च) "ऐन" भन्नाले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० सम्झनु पर्छ ।

(छ) "छात्रवृत्ति" भन्नाले स्नातक तथा स्नातकोत्तर तह अध्ययन गर्न विद्यार्थीलाई उपलब्ध गराउने शैक्षिक खर्चलाई जनाउँछ ।

(ज) "दलित" भन्नाले नेपाल सरकारबाट दलित भनी सूचीकृत जातजातिलाई सम्झनु पर्छ ।

(झ) "द्वन्द्वपीडित" भन्नाले वि.सं. २०५२ साल फागुन १ गतेदेखि वि.सं. २०६३ साल मंसीर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्वको कारण मृत्यू भएका, अपाङ्ग वा अङ्गभङ्ग भई शारीरिकरुपले अशक्त र द्वन्द्वरत पक्षले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका (वेपत्ता) नागरिकलाई सम्झनु पर्छ ।

(ञ) "नियमावली" भन्नाले विश्वविद्यालय अनुदान आयोग कार्य व्यवस्था नियमावली, २०६० सम्झनु पर्छ।

(ट) "नि:शुल्क" भन्नाले उच्चशिक्षा अध्ययनका लागि विद्यार्थीबाट मासिक अध्ययन शुल्क नलिई अध्ययनको अवसर प्रदान गर्ने व्यवस्थालाई सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ड) "मुक्त कमलरी" भन्नाले अरुको घरमा कमलरी बस्न बाध्य भई हाल मुक्त भएका खास गरी थारु समुदायका महिलालाई सम्झनु पर्छ ।

(ढ) "मुस्लिम" भन्नाले मुस्लिम धर्म अबलम्वन गर्ने समुदायलाई सम्झनु पर्छ ।

(ण) "समिति" भन्नाले दफा ४ बमोजिमको उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन समिति सम्झनु पर्छ ।

(त) ‘‘शहीद’’ भन्नाले प्रजातन्त्रको पुनर्स्थापना भएपछि देशमा गणतन्त्रको स्थापनार्थ जनआन्दोलनका क्रममा वि.सं. २०५२ साल देखि वि.सं. २०६३ साल वा सो भन्दा पछाडि जीवन उत्सर्ग गराएका नेपाल सरकारबाट शहीद घोषणा भएका व्यक्तिलाई सम्झनु पर्छ ।

(थ) ‘‘सार्वजनिक वा सामुदायिक विद्यालय’’ भन्नाले सरकारी स्वीकृति तथा लगानीमा स्थापना भइ नियमितरुपमा सरकारी अनुदानप्राप्त गर्ने माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षा दिने विद्यालय सम्झनु पर्छ र सो शब्दले कक्षा १२ वा सो सरहको प्राविधिक धारको शिक्षा प्रदान गर्ने प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गतका आङ्गिक शिक्षालय समेतलाई जनाउँछ ।

(द) ‘‘सार्वजनिक गुठी विद्यालय’’ भन्नाले मुनाफारहीत उद्देश्यले सार्वजनिक गुठी अन्तर्गत स्थापना भइ संचालनमा रहेका माध्यमिक तहसम्मको शिक्षा दिने विद्यालय सम्झनु पर्छ र सो शब्दले त्यस्ता विद्यालयमा अध्यापन हुने प्राविधिक धारको शिक्षा समेतलाई जनाउँछ ।

## परिच्छेद- २

## उद्देश्य

३. **उद्देश्य:** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन्,:

(क) उच्चशिक्षा अध्ययनका लागि शहीद वा द्वन्द्वपीडितका छोराछोरी, अपाङ्गता भएका, दलित, आर्थिकरूपमा विपन्न, मुक्त कमलरी, मुस्लिम महिला, विपन्न लक्षित वर्ग, अति न्यून आय भएका दलित समुदायमध्येका डोम, वादी, चमार र मुसहर समुदायका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध हुने आधार तयार गर्नु,

(ख) छात्रवृत्ति उपलब्ध गराउने कार्यमा संलग्न निकायको भूमिका तथा जिम्मेवारी स्पष्ट गर्नु,

(ग) छात्रवृत्तिमा दोहोरोपना हुन नदिई छात्रवृत्तिलाई शैक्षिक उपलब्धिसँग आवद्ध गर्नु,

(घ) सीमान्तकृत वर्ग, समुदाय वा आर्थिकरूपले विपन्न समुदायका विद्यार्थीको उच्च शिक्षा प्राप्तिमा समतामूलक पहुँच अभिबृद्धि गर्दै वितरण गर्ने छात्रवृत्तिलाई पारदर्शी बनाउनु,

(ङ) छात्रवृत्तिको उपलब्ध वितरण र उपयोगिताको लागि स्पष्ट आधार तयार गरी अनुमान योग्य बनाउनु,

च) देश विकासको सन्दर्भमा उच्च शिक्षा मार्फत सामाजिक एकता र सद्भाव कायम राख्नु,

(छ) छात्रवृत्तिलाई लक्षित वर्ग तथा समुदायका विद्यार्थीसम्म पुऱ्याई उच्च शिक्षा अध्ययनमा समन्याय कायम गर्नु ।

विश्वविद्यालय अनुदान आयोग २०५१ UNIVERSITY GRANTS COMMISSION 1994

# परिच्छेद - ३
## समिति सम्बन्धी व्यवस्था

४. **उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन समितिः** (१) उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति वितरणको लागि सूचना आह्वान, आवेदनको संकलन, आवेदकको छनोट, छात्रवृत्तिको वितरण, अनुगमन तथा मूल्यांकन सम्बन्धी आवश्यक कार्य गर्नका लागि आयोगमा एक उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ ।

(२) उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) अध्यक्ष, आयोग - संयोजक

(ख) सचिव, आयोग - सदस्य

(ग) विश्वविद्यालयका रजिष्ट्रारमध्येबाट आयोगले मनोनित गरेको एकजना - सदस्य

(घ) सहसचिव, उच्चशिक्षा महाशाखा, मन्त्रालय, - सदस्य

(ङ) आयोगले तोकेको सम्बन्धित क्षेत्रको विज्ञ एकजना - सदस्य

(च) प्रमुख, अनुसन्धान तथा छात्रवृत्ति महाशाखा, आयोग - सदस्य

(छ) छात्रवृत्ति शाखा प्रमुख, आयोग - सचिव

(३) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोके बमोजिमको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार सरकारी तथा सार्वजनिक निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) बैठकमा उपस्थित भए वापत समितिका संयोजक, सदस्य र आमन्त्रित प्रतिनिधिलाई आयोगको स्वीकृत नर्म्स बमोजिमको बैठक भत्ता तथा यातायात सुविधा उपलब्ध गराइनेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकारः**(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उच्चशिक्षामा अध्ययनरत विद्यार्थीलाई स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन गर्न आयोगबाट उपलब्ध गराइने छात्रवृत्तिका लागि स्वीकृत बजेट अन्तर्गत रही छात्रवृत्तिको कोटा निर्धारण गर्ने,

(ख) स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रही छात्रवृत्तिको लागि आवेदन माग गर्ने,

(ग) निर्धारित समयभित्र पर्न आएका आवेदनको रुजु तथा जाँचबुझ गरी विद्यार्थीको आवेदन स्वीकृत वा अस्वीकृत गर्ने,

UNIVERSITY GRANTS COMMISSION 1994

(घ) स्वीकृत आवेदनहरु मध्येबाट सम्बन्धित कार्यक्रम अन्तर्गत रही लक्षित विद्यार्थीलाई छात्रवृत्तिका लागि छनोट गरी अन्तिम सूची प्रकाशित गर्ने,

(ङ) नतिजा बमोजिम छात्रवृत्ति प्रदान गरिने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने,

(च) छात्रवृत्तिको छनोट तथा वितरणका सम्बन्धमा समितिमा पर्न आएका निवेदन तथा गुनासाका सम्बन्धमा छानविन गरी निर्णय गर्ने,

(छ) छात्रवृत्तिसँग सम्बन्धित नीतिगत विषयमा आयोगमा सिफारिस गर्ने,

(ज) छात्रवृत्ति व्यवस्थापनको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने, गराउने ।

(२) समितिले आफ्नो काम, कर्तव्य र अधिकारभित्रको कुनै कार्य सम्पन्न गर्नको लागि बढीमा पन्ध्रदिन भन्दा बढी नहुने गरी अवधि तोकी कुनै उपसमिति गठन गर्न सक्नेछ । छात्रवृत्ति शाखाले सचिवालयको रूपमा काम गर्नेछ ।

(३) समितिले आफूमा निहित अधिकार मध्ये व्यवस्थापकीय कार्य सम्पादनका लागि समितिको सदस्य वा आयोगको कुनै कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) समितिले आयोगको निर्णय र निर्देशन अन्तर्गत रही आवश्यक अन्य कार्य गर्नेछ ।

## परिच्छेद- ४

## छात्रवृत्तिको लागि आवश्यक योग्यता

६. **योग्यता:** (१) आयोगबाट वितरण हुने छात्रवृत्ति योग्यता पुगेको विद्यार्थीलाई मात्र वितरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति प्राप्तिको लागि देहाय बमोजिम योग्यता पूरा भएको हुनु पर्नेछ:

(क) नेपाली नागरिक,

(ख) स्नातक तथा स्नातकोत्तर तहमा नेपालका उच्च शैक्षिक संस्थामा अध्ययनरत रहेको,

(ग) जुन समुदाय वा वर्गको लागि छात्रवृत्ति उपलब्ध हुने वा त्यस्तो समुदाय वा वर्गको भएको ।

(३) उपदफा (२) मा उल्लिखित योग्यताका अतिरिक्त अपाङ्गतातर्फको छात्रवृत्ति पाउनका लागि अपाङ्गताको क, ख वा ग वर्ग खुलेको वा पचास प्रतिशत वा सो भन्दा बढी अपाङ्गता भएको स्पष्ट खुल्ने प्रमाण आधिकारिक निकायले जारी गरेको हुनु पर्नेछ ।

स्पष्टीकरण: आधिकारिक निकाय भन्नाले अपाङ्गता सम्बन्धी संघीय कानुन बमोजिम अपाङ्गताको प्रमाणपत्र प्रदान गर्न अख्तियारप्राप्त निकाय सम्झनु पर्छ ।

(४) उपदफा (२) मा उल्लिखित योग्यताका अतिरिक्त दलित छात्रवृत्तिका लागि दलित जातिमा सूचिकृत भएको भनी राष्ट्रिय दलित आयोग वा सम्बन्धित स्थानीय तह वा सम्बन्धित जिल्ला प्रशासन

विश्वविद्यालय अनुदान आयोग 2051
UNIVERSITY GRANTS COMMISSION 1994

कार्यालयबाट दलित भनी खुलेको प्रमाणपत्र प्राप्त गरेको र सम्बन्धित विद्यार्थीको एकाघरका परिवारका कुनै पनि सदस्यले सामाजिक सुरक्षा भत्ता बाहेक राज्यकोषबाट नियमित रूपमा तलव वा अन्य कुनै सुविधा प्राप्त नगरेको सिफारिस पत्र प्राप्त गरेको हुनु पर्नेछ ।

(५) उपदफा (२) मा उल्लिखित योग्यताका अतिरिक्त आर्थिकरूपमा विपन्न छात्रवृत्तिका लागि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा तत् अन्तर्गतका निकायबाट आर्थिक रूपमा विपन्न भनी जारी गरेको प्रमाणपत्र प्राप्त भएको वा पुरूष विद्यार्थीको हकमा प्रथम र दोस्रो क्विइन्टाइल तथा महिला विद्यार्थीको हकमा पहिलो, दोस्रो र तेस्रो क्विइन्टाइलबाट लाभान्वित हुन योग्य विद्यार्थी छानिनेछन् र सम्बन्धित विद्यार्थीको एकाघरका परिवारका कुनै पनि सदस्यले सामाजिक सुरक्षा भत्ता बाहेक राज्यकोषबाट नियमित रूपमा तलव वा अन्य सुविधा प्राप्त नगरेको भनी सम्बन्धित स्थानीय तहबाट प्रदान गरेको सिफारिस पत्र प्राप्त गरेको हुनु पर्नेछ ।

(६) उपदफा (२) मा उल्लिखित योग्यताका अतिरिक्त कमलरी वर्गको छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीले थारु आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय तहबाट विगतमा कमलरी भएको सिफारिश पत्र संलग्न गरेको हुनु पर्नेछ ।

(७) उपदफा (२) मा उल्लिखित योग्यताका अतिरिक्त मुस्लिम महिला वर्गमा आवेदन दिने विद्यार्थीका लागि राष्ट्रिय मुस्लिम आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय तहबाट मुस्लिम भएको सिफारिस पत्र संलग्न गरेको हुनु पर्नेछ ।

(८) उपदफा (२) मा उल्लिखित योग्यताका अतिरिक्त शहीद तथा द्वन्दपीडित वर्गमा आवेदन दिने विद्यार्थीका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यलय वा सम्बन्धित स्थानीय तहबाट शहीद तथा द्वन्दपीडितको सन्तती भएको सिफारिस पत्र संलग्न गरेको हुनु पर्नेछ ।

(९) उपदफा (२) मा उल्लिखित योग्यताका अतिरिक्त अति न्यून आय भएका तराईका दलितमध्ये डोम, बादी, चमार र मुसहर जातिका विद्यार्थीलाई इन्जिनियरिङ र चिकित्साशास्त्र अध्ययन गर्न उपलब्ध गराइने छात्रवृत्तिका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय तह वा राष्ट्रिय दलित आयोगबाट उपलब्ध गराइएको सिफारिस पत्र संलग्न गरेको हुनु पर्नेछ ।

७. <u>अयोग्यता</u>: (१) देहायका विद्यार्थी आयोगद्वारा उपलब्ध गराइने छात्रवृत्तिका लागि अयोग्य हुनेछः

(क) गैर नेपाली विद्यार्थी,
(ख) आवेदन दिने समयमा स्नातक तहको लागि २५ वर्ष र स्नातकोत्तर तहको लागि ३० वर्ष उमेर नाघेको,
(ग) अध्ययनरत तहमा एक पटक नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा कुनै सरकारी वा गैरसरकारी निकाय वा विदेशी मुलुक वा अन्य कुनै संघ संस्था वा विदेशी कुटनीतिक निकाय वा अन्य निकायबाट छात्रवृत्ति प्राप्त गरेको,
(घ) विदेशी विश्वविद्यालयको सम्बन्धनमा संचालित शैक्षिक कार्यक्रममा अध्ययन गरेको ।

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि शहीद वा द्वन्द्वपीडितका छोराछोरी र अपाङ्गता भएका विद्यार्थीको हकमा उमेरको हद लाग्ने छैन ।

## परिच्छेद - ५
## संख्या निर्धारण तथा आवेदन सम्बन्धी व्यवस्था

८. **संख्या निर्धारण**: (१) प्रत्येक वर्ष नेपाल सरकारद्वारा विनियोजित बजेटको परिधिभित्र रही स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीका लागि लक्षित कार्यक्रम अन्तर्गतको छात्रवृत्ति संख्या निर्धारण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति प्रदान गरिने संख्या निर्धारण गर्दा देहायका समुदायका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन छुट्टा छुट्टै हुने गरी संख्या निर्धारण गरिनेछ:

(क) शहीद वा द्वन्द्व पीडितका छोराछोरी, द्वन्द्वको कारण अपाङ्ग वा अङ्गभङ्ग भई शारीरिकरुपले कुनै काम काज गर्न नसक्ने अशक्त र द्वन्द्वका कारण वेपत्ता भएका व्यक्तिका छोराछोरी,

(ख) आर्थिकरूपले विपन्न वा दलित,

(ग) अपाङ्गता भएका,

(घ) मुक्त कमलरी,

(ङ) मुस्लिम महिला, र

(च) तराइका दलितमध्ये डोम, वादी, चमार र मुसहर ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम छात्रवृत्ति उपलब्ध गराउँदा नियमित कार्यक्रमतर्फ तथा उच्च शिक्षामा विशिष्टताको प्रबर्द्धन कार्यक्रमतर्फबाट उपलब्ध गराइनेछ साथै उच्च शिक्षामा विशिष्टताको प्रबर्द्धन कार्यक्रमतर्फको समतामा आधारित अनुदानमा छनोट भएका उच्च शैक्षिक संस्थाका विद्यार्थीलाई समेत विपन्नताको स्तरका आधारमा छात्रवृत्तिका लागि छनोट गरिने संख्या निर्धारण गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको छात्रवृत्तिका लागि एउटै सूचनाबाट आवेदन माग गरिनेछ र आवेदकले दुबैतर्फ निवेदन गरेको अवस्थामा दुई मध्य कुनै एक कार्यक्रममा मात्र छनोट हुन सक्नेछ र त्यसरी छनोट गर्दा नियमिततर्फलाई पहिलो प्राथमिकता दिइनेछ ।

९. **सूचना प्रकाशन गर्नु पर्ने**: (१) दफा ८ बमोजिम निर्धारण भएको छात्रवृत्ति वितरणका लागि प्रत्येक शैक्षिक सत्रमा समितिले आवेदन पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आवेदन आह्वानसम्बन्धी सूचना राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिका, आयोगको वेबसाइट र आयोगको सूचना पाटीमा टाँस गर्नु पर्नेछ साथै सो को जानकारी राष्ट्रिय आयोग र सबै विश्वविद्यालयमा पठाउनु पर्नेछ ।

विश्वविद्यालय अनुदान आयोग २०५१ UNIVERSITY GRANTS COMMISSION 1994

(३) समितिले उपदफा (१) बमोजिमको सूचनामा निर्धारित कोटामा सामान्यतया तीस दिनको समयसीमा निर्धारण गरी छात्रवृत्तिका लागि आवेदन आव्हान गर्नेछ ।

(४) इच्छुक विद्यार्थीले समितिले निर्धारण गरेको विधि बमोजिम निर्धारित समयभित्र आवेदन पेश गर्नु पर्नेछ ।

(५) समितिले विद्युतीय माध्यम वा मेनुअल वा अन्य कुनै तरिका मध्ये कुनै एक वा एकभन्दा बढी विधिद्वारा आवेदन पेश गर्ने व्यवस्था गर्न सक्नेछ ।

१०. **आवेदन पेश गर्नु पर्ने**: (१) दफा ९ बमोजिमको सूचना बमोजिम निर्धारित समयभित्र सम्बन्धित विद्यार्थीले आवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आवेदन साथ देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सम्बन्धित विश्वविद्यालय तथा शैक्षिक संस्थामा भर्ना भइ अध्ययन गरिरहेको सिफारिस पत्र,

(ग) जुन वर्गका लागि आवेदन गर्ने हो सोको लागि सम्बन्धित निकायको सिफारिस,

(घ) छात्रवृत्तिका लागि आवेदन गरेको भन्दा एक तह मुनिको लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट) को प्रति,

(ङ) विदेशी विश्वविद्यालयबाट उत्तीर्ण विद्यार्थीका हकमा मान्यता तथा समकक्षता प्रमाणपत्र,

(च) आयोगद्वारा प्रकाशित सूचनामा उल्लेख भएका आवश्यक अन्य कुरा ।

(३) छात्रवृत्तिको लागि पेश गर्नु पर्ने आवेदनको ढाँचा अनुसूची १ बमोजिम र अध्ययनरत शैक्षिक संस्थाको सिफारिस तथा स्थानीय तहको सिफारिस पत्र (विद्यार्थीको एकाघरको कुनै पनि सदस्यले सामाजिक सुरक्षा भत्ता बाहेक राज्यकोषबाट नियमित रुपमा तलब वा अन्य कुनै सुविधा प्राप्त नगरेको सिफारिस पत्र) समेत अनुसूची २ मा मा व्यवस्था भए बमोजिम हुनेछ ।

(४) निर्धारित समयसीमाभित्र प्राप्त नभएको तथा आवश्यक कागजात संलग्न नभएको आवेदनलाई समितिले छनोट प्रक्रियामा समावेश गर्ने छैन ।

(५) छात्रवृत्तिको आवेदनको माध्यम, छनोट सम्बन्धी प्रक्रिया तथा यस सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

विश्वविद्यालय अनुदान आयोग २०५१ UNIVERSITY GRANTS COMMISSION 1994

## परिच्छेद-६

## छनोट तथा सिफारिसका आधार र प्रक्रिया

**११. छनोटको आधार र प्रक्रियाः** (१) प्रकाशित सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका आवेदनलाई छनोट प्रक्रियामा समावेश गर्नु पर्नेछ ।

(२) छात्रवृत्तिका लागि विनियोजित बजेट तथा उपलब्ध संख्याका आधारमा पर्न आएका आवेदनवालाको प्रारम्भिक छनोट गरी सूची कायम गरिनेछ ।

(३) स्नातक तहको अध्ययनको लागि समूहगत छनोटको आधार, आवेदकको कक्षा बाह्र वा सो सरहको प्रमाणपत्र प्राप्त गरेको र स्नातकोत्तर तहका लागि स्नातक तह उत्तीर्ण गरेको ।

(४) विद्यार्थीले आवेदन गर्दा भरेको अनुसूची-३ बमोजिमको प्रश्नावली फारमका आधारमा प्रतिनिधिमूलक सूचक पद्धतिलाई अवलम्बन गरी छनोट गरिनेछ ।

(५) यस दफा बमोजिम छनोटको सूची तयार गर्दा एक वा एकभन्दा बढी विद्यार्थीको योग्यताक्रम समान भएमा विद्यार्थीले अध्ययन गरेको संस्थाको प्रकृति, क्षेत्र तथा सम्बन्धित परीक्षा उत्तीर्ण गरेको ट्रान्सक्रिप्टको प्राप्तांकलाई आधार बनाउन सकिनेछ ।

(६) छात्रवृत्तिको लागि आवेदन गर्ने विद्यार्थीको आफ्नै नामको "क" वर्गको बैंक खाता विवरण पेश गर्नु पर्नेछ । बैक संख्या थप घट गर्ने अधिकार समितिमा नीहित रहनेछ ।

**१२. विद्यार्थीको छनोटः** (१) दफा १० र दफा ११ बमोजिम पेश हुन आएको आवेदनका साथ संलग्न कागजातको आधारमा समितिले स्नातक वा स्नातकोत्तर तहमध्ये आर्थिकरूपले विपन्न वा दलित वा मुक्त कमलरी वा मुस्लिम महिला वा शहीद तथा द्वन्द्वपीडित वा डोम, वादी, चमार र मुसहर वा सम्बन्धित सूचना बमोजिम जुन तर्फको लागि आवेदन प्राप्त हुन आएको हो सोही तर्फ छात्रवृत्तिको लागि छनोट गरिनेछ ।

(२) आर्थिकरूपले विपन्न वा दलित वर्गमा आवेदन गर्ने नियमित तथा उच्च शिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रमतर्फका विद्यार्थीमध्येबाट पहिला नियमिततर्फको छनोटमा समावेश गरिनेछ भने नियमितमा छात्रवृत्तिका लागि छनोट हुन नसकेका विद्यार्थीलाई उच्च शिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रमको छनोट प्रक्रियामा समावेश गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम छनोट गर्दा स्नातक तथा स्नातकोत्तर तहमा आर्थिकरूपले विपन्न वा दलित तर्फ आयोगद्वारा उपलब्ध गराइएको प्रश्नावली फारामबाट प्राप्त नतिजालाई आधारमानी प्रतिनिधिमूलक सूचक प्रणाली (प्रोक्सी मिन्स टेस्टिङ, पीएमटी) को आधारमा छनोट गरिनेछ । प्रोक्सी मिन्स टेस्टिङको आधारमा अनुसूची-४ को खण्ड (क) बमोजिम विश्लेषण हुनेछ ।

(४) छनोट सम्बन्धी भएको व्यवस्था बमोजिम उपदफा (३) बमोजिम विश्लेषण गरी पीएमटी क्विन्टाइल रेन्जका आधारमा पुरूष विद्यार्थीको हकमा पहिलो र दोस्रो क्विन्टाइल तथा महिला विद्यार्थीको हकमा पहिलो, दोस्रो र तेस्रो क्विन्टाइलसम्मबाट योग्य विद्यार्थी छनोट गरिनेछ र प्रोक्सी मिन्स टेस्टिङको छनोट सम्बन्धी आधारमा अनुसूची ४ को खण्ड (ख) र (ग) मा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) अति विपन्नताको स्तरमा परेका स्नातक तहको लागि पर्न आएका आवेदन मध्ये कक्षा बाह्रमा अध्ययन गरेको शैक्षिक संस्था, संस्था अवस्थित क्षेत्र, प्राप्त गरेको प्रतिशत वा ग्रेड र स्नातकोत्तरको लागि स्नातक तहमा प्राप्त गरेको प्रतिशत वा ग्रेडलाई समेत आधार बनाउनु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम छनोट गर्दा कुनै छात्रवृत्तिमा दुई वा दुईभन्दा बढी व्यक्तिको प्रतिशत बराबर भएमा दलित, महिला, दुर्गम क्षेत्रको वासिन्दाको प्राथमिकताक्रमका आधारमा छनोट गरिनेछ ।

(७) विशेष छात्रवृत्ति अन्तर्गत रहेको डोम, वादी, चमार र मुसहरका लागि स्नातक तहको चिकित्साशास्त्र र इन्जिनियरिङ तर्फको अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्न देहाय बमोजिम भएको हुनु पर्नेछः

(क) नेपाली नागरिक भएको,

(ख) निम्न आय भएको भनी सम्बन्धित स्थानीय तह वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा नेपाल सरकारले तोकेको निकायबाट सिफारिश प्राप्त भएको,

(ग) दलितमध्येका डोम, वादी, चमार र मुसहरतर्फका छात्र छात्रा भएको,

(घ) नेपाल सरकार वा राष्ट्रिय दलित आयोग वा सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयबाट डोम वा वादी वा चमार वा मुसहर समुदायको भएको भनी सिफारिस संलग्न भएको,

(ङ) सामुदायिक विद्यालयबाट एसइइ वा सो सरहको परीक्षामा प्रथम श्रेणी वा २.४ जिपिएमा उत्तीर्ण गरेको,

(च) सम्बन्धित शैक्षिक संस्था वा चिकित्सा शिक्षा आयोगबाट संचालित प्रवेश परीक्षामा उत्तीर्ण भइ भर्ना पाएको हुनु पर्नेछ ।

१३. <u>छात्रवृत्ति उपलब्ध गराइने सीमा</u>: (१) एक आर्थिक वर्षमा एकै परिवारका बढीमा दुई जनासम्मलाई मात्र आयोगबाट उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध हुन सक्नेछ ।

तर अपाङ्गता भएको आवेदकको हकमा त्यस्तो सीमा कायम हुने छैन ।

(२) छात्रवृत्ति एकवटा शैक्षिक कार्यक्रमका लागि मात्र उपलब्ध हुन सक्नेछ ।

(३) कुनै तहमा छात्रवृत्तिका लागि छनोट भएको व्यक्तिले उक्त तहको अध्ययन गर्न छाडेमा उक्त विद्यार्थीलाई थप अवधिको छात्रवृत्ति उपलब्ध गराइने छैन ।

(४) यस निर्देशिकामा अन्यत्र जुन सुकै व्यवस्था भए पनि पहिलो वर्ष छात्रवृत्ति प्राप्त गरिसकेका लाभान्वित विद्यार्थी मध्य अघिल्लो वर्षमा विषेश कारणले अध्ययन निरन्तरताको प्रमाण खुल्ने कागजात पेश हुन छुट भई छात्रवृत्ति पाउने सूचीमा पर्न नसकेका विद्यार्थीका लागि चालु वर्षको छात्रवृत्ति निरन्तरताको लागि आवेदन माग गरिनेछ ,आयोगले वेवसाइटमा बढीमा १५ दिनको समयसीमा दिई सूचना प्रकाशन गरिनेछ र छुट भएको स्पष्ट प्रमाण सहित निवेदन पेश भएका विद्यार्थीलाई मात्र छात्रवृत्ति नविकरणमा समावेश गराइनेछ । छात्रवृत्ति चालु आ.व को मात्र प्रदान गरिनेछ र लगातार दुई वर्ष छात्रवृत्ति छनौट सूचीमा नपरेका विद्यार्थीलाई यो व्यवस्था लागु गरिनेछैन ।

(५) छात्रवृत्तिका लागि छनोटमा परेका विद्यार्थीले आयोगबाट माग गरिएका विवरण निर्धारित समय सीमाभित्र उपलब्ध नगराएमा छात्रवृत्ति उपलब्ध गराइने छैन ।

१४. <u>सूचना सार्वजनिक गरिने</u>: (१) छनोट प्रक्रिया पूरा भएपछि छनोटमा परेका विद्यार्थीको नामावलीको सूची आयोगले सार्वजनिक गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक भएको सूची उपर कसैको नाम नपर्नु पर्नेमा परेको वा पर्नु पर्नेमा नपरेको भएमा त्यस्तो विद्यार्थीले सूची प्रकाशित भएको मितिले सात दिनभित्र कारण सहित सम्बन्धित उच्च शैक्षिक संस्थामा निवेदन गर्न सक्नेछ र त्यसरी पर्न आएका निवेदन उच्च शैक्षिक संस्थाले सात दिनभित्र आयोगको छात्रवृत्ति शाखामा पठाइ दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आयोगले आवश्यक छानबीन गरी निर्णय गर्नेछ ।

## परिच्छेद-७
## रकम निकासा, शर्त तथा अनुगमन

१५. <u>छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया</u>: (१) शहीद वा द्वन्द्वपीडितका छोराछोरी, द्वन्द्वको कारण अपाङ्ग वा अङ्गभङ्ग भई शारीरिकरुपले कुनै काम काज गर्न नसक्ने अशक्त र द्वन्द्वका कारण वेपत्ता भएका व्यक्तिका छोराछोरी, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न वा दलित (नियमित कार्यक्रमतर्फ र उच्च शिक्षामा विशिष्टताको प्रबर्द्धन कार्यक्रमतर्फ), मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थी अन्तर्गतका छात्रवृत्तिका सम्बन्धमा देहाय बमोजिम हुनेछ:

(क) छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीलाई आवेदन फारममा उल्लेख गरेको निजको बैङ्क खातामा आयोगबाट रकम निकासा गरिनेछ ।

(ख) छात्रवृत्ति वापतको निर्धारित रकम उपदफा (२) र (३) बमोजिम वार्षिक रूपमा प्रदान गरिनेछ ।

(ग) विश्वविद्यालयले लिने परीक्षामा सामेल नभएमा बाँकी किस्ताको छात्रवृत्ति रकम प्रदान गरिनेछैन ।

(२) वार्षिक कार्यक्रममा भर्ना भइ छनोट भएका विद्यार्थीलाई उपदफा (१) बमोजिम छात्रवृत्ति उपलब्ध गराउँदा देहायका आधारमा त्यस्तो रकम उपलब्ध गराइनेछः

(क) पहिलो किस्ता वार्षिकरुपले संचालित कार्यक्रममा भर्ना भएका विद्यार्थीलाई छनोटको सूची प्रकाशित भएपछि,

(ख) दोस्रो किस्ता प्रथम वर्षको परीक्षामा सम्मिलित भएको प्रमाण सहित अध्ययनरत संस्थाको सिफारिश प्राप्त भएपछि,

(ग) तेस्रो किस्ता प्रथम वर्षको परीक्षा उत्तीर्ण गरेको प्रमाणका साथ विद्यार्थी अध्ययनरत शैक्षिक संस्थाबाट सिफारिस प्राप्त भएपछि,

(घ) चौंथो किस्ता दोस्रो वर्षको परीक्षा उत्तीर्ण गरेको प्रमाण साथ शैक्षिक संस्थाबाट अध्ययनरत रहेको सिफारिश प्राप्त भएपछि ।

(ङ) पाँचौं किस्ता तेस्रो वर्षको परीक्षा उत्तीर्ण गरेको प्रमाण साथ शैक्षिक संस्थाबाट अध्ययनरत रहेको सिफारिश प्राप्त भएपछि ।

(३) सेमेष्टर प्रणालीमा भर्ना भइ छनोट भएका विद्यार्थीलाई उपदफा (१) बमोजिम रकम उपलब्ध गराउँदा देहायका आधारमा छात्रवृत्ति उपलब्ध गराइनेछः

(क) पहिलो किस्ता संचालित कार्यक्रममा भर्ना भएका विद्यार्थीलाई छनोटको सूची प्रकाशित भएपछि,

(ख) दोस्रो किस्ता दोस्रो सेमेष्टर परीक्षामा सम्मिलित भएको प्रमाण सहित अध्ययनरत संस्थाको सिफारिश प्राप्त भएपछि,

(ग) तेस्रो किस्ता पहिलो तथा दोस्रो सेमेष्टर उत्तीर्ण गरेको प्रमाणका साथ तेस्रो सेमेष्टरको परीक्षामा सम्मिलित भई विद्यार्थी अध्ययनरत शैक्षिक संस्थाबाट सिफारिस प्राप्त भएपछि,

(घ) चौंथो किस्ता तेस्रो र चौंथो सेमेष्टरको परीक्षा उत्तीर्ण गरेको प्रमाणका साथ शैक्षिक संस्थाबाट अध्ययनरत रहेको सिफारिश प्राप्त भएपछि ।

(ङ) पाँचौ किस्ता उपलब्ध गराउनु पर्ने कार्यक्रमका हकमा पाँचौ र छैंठौं सेमेष्टर उत्तीर्ण गरेको प्रमाणका साथ शैक्षिक संस्थाबाट अध्ययनरत रहेको सिफारिश प्राप्त भएपछि ।

(४) उपदफा (२) र (३) बमोजिम छात्रवृत्ति उपलब्ध गराउँदा आयोगबाट सूचना प्रकाशित गरी निर्धारित समयभित्र प्रगति विवरण प्राप्त भएको आधारमा उपलब्ध गराइनेछ ।

(५) अध्ययनरत विद्यार्थीको दोस्रो वर्ष देखि छात्रवृत्ति उपलब्ध गराउनका लागि आयोगमा पेश गर्ने निवेदनको ढाँचा अनुसूची-५ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दलित समुदायतर्फका अति न्यून आय भएका डोम, वादी, चमार र मुसहरवर्गका विद्यार्थीलाई चिकित्साशास्त्र वा इन्जिनियरिङ विषयका स्नातक तहका कार्यक्रममा आयोगबाट उपलब्ध गराइने छात्रवृत्तिको रकमको निकासा देहायका आधारमा हुनेछः

(क) विद्यार्थी निर्वाह खर्च वापत अध्ययन अवधिका लागि मासिक पाँच हजार रूपैयाँका दरले अर्ध वार्षिक रुपमा विद्यार्थीको नाममा खोलिएको बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

(ख) वार्षिक तथा सेमेष्टर प्रणालीमा सञ्चालित कार्यक्रम अन्तर्गतका लाभान्वित विद्यार्थीले आगामी वर्षको किस्ताबन्दी छात्रवृत्ति वा मासिक निर्वाह खर्च रकम प्राप्त गर्न अघिल्लो वर्षको परीक्षाको प्रगति विवरण एवं हालको अध्ययन निरन्तरता खुल्ने गरी भर्ना भएको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(ग) वार्षिक कार्यक्रमतर्फ भर्ना हुनेको हकमा लगातार दुई वर्ष वा सेमेष्टर प्रणालीतर्फ भर्ना हुनेको हकमा लगातार चौंथो सेमेष्टर भन्दा बढीको परीक्षामा अनुत्तीर्ण हुने विद्यार्थीलाई यो सुविधा उपलब्ध हुने छैन ।

(घ) पूर्ण छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले आफ्नो अध्ययन सके पश्चात मन्त्रालयमा सम्पर्क राख्नु पर्नेछ र निजले छात्रवृत्ति सम्बन्धी संघीय कानुन बमोजिम नेपाल सरकारले खटाएको स्थानमा गई सेवा प्रदान गर्नु पर्नेछ ।

(ङ) तोकिएको स्थानमा गई तथा तोकिएको अवधिसम्म काम नगर्ने विद्यार्थीलाई छात्रवृत्ति सम्बन्धी संघीय कानुन बमोजिम कारवाही हुनेछ ।

१६. <u>विद्यार्थीले पूरा गर्नुपर्ने शर्त</u>: छात्रवृत्तिमा छनोट भई अध्ययनरत विद्यार्थीले देहाय बमोजिमका शर्त पूरा गर्नु पर्नेछ:

(क) अनुसूची ७ मा उल्लेख भए बमोजिमको कबुलियतनामा भर्ने,
(ख) अध्ययनरत विषयमा शैक्षिक मर्यादा कायम राख्दै सफलता साथ अध्ययन पूरा गरेको,
(ग) काबु बाहिरको परिस्थिति बाहेक अध्ययनलाई बीचैमा छाड्न पाइने छैन,
(घ) आयोगले तोकेका आचारसंहिता पालना गरेको र आयोगले नतोकेको अवस्थामा सम्बन्धित विश्वविद्यालयले तोकेको आचारसंहिता पालना गरेको,
(ङ) प्राप्त छात्रवृत्ति रकम शैक्षिक क्रियाकलापमा मात्र खर्च गर्ने गरेको,
(च) आफ्नो शैक्षिक प्रगति विवरण आयोगमा पेश गरेको ।

१७. <u>छात्रवृत्ति रकम उपलब्ध नगराइने</u>: (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा छात्रवृत्तिको रकम उपलब्ध गराइने छैन:

(क) आवेदनमा माग गरिएका विवरण गलत तथा झुठ्ठा भएको पाइएमा,
(ख) नेपाल सरकारले उच्च शिक्षामा प्रदान हुने कुनै एक वा सबै छात्रवृत्तिका कार्यक्रम लागू नगरेमा,
(ग) छात्रवृत्ति पाउन छनोट भएको विद्यार्थीले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै विश्वविद्यालय वा क्याम्पसबाट छात्रवृत्ति प्राप्त गरेको वा यस्तै किसिमको सहायता एवं सुविधा अन्य कुनै स्वदेशी वा विदेशी निकाय वा संस्थाबाट प्राप्त गरी उपयोग गरेको प्रमाण आयोगमा प्राप्त भएमा ।

विश्वविद्यालय अनुदान आयोग २०५१ UNIVERSITY GRANTS COMMISSION

(घ) छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीले अध्ययन गर्न छाडेमा,

(ङ) आयोगले विवरण पेश गर्न सूचना प्रकाशित गरेको अवधिभित्र प्रगति विवरण पेश नगरेमा,

(च) छनोट भएका विद्यार्थीले अध्ययन संकाय वा विषय परिवर्तन गरेमा,

(छ) छात्रवृत्तिसम्बन्धी अन्य शर्त पालना नगरेमा, र

(ज) परीक्षामा लगातार दुई वर्ष वा चौंथो सेमेष्टरसम्म अनुतिर्ण भएमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम छात्रवृत्ति प्राप्त गर्नका लागि गलत तथा झुठा विवरण पेश गरेको वा छात्रवृत्ति लिएको पाइएमा निजले प्राप्त गरी सकेको छात्रवृत्ति रकम समेत प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(३) आयोगले गलत तथा झुठा विवरण पेश गरी छात्रवृत्ति दावी गर्ने विद्यार्थी उपर कुनै पनि सहुलियत नपाउने गरी कारवाही गर्न सम्बन्धित शैक्षिक संस्थालाई लेखी पठाउनेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा त्यस्तो विद्यार्थीलाई कुनैपनि सहुलियत नपाउने गरी सूचिकृत गर्नु सम्बन्धित शैक्षिक संस्थाको कर्तव्य हुनेछ ।

१८. <u>अनुगमन तथा मूल्याङ्कन</u>: (१) छात्रवृत्ति वितरण तथा उपयोगलाई व्यवस्थित, मर्यादित एवं वैज्ञानिक बनाउन आयोगले नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नेछ ।

(२) मन्त्रालय तथा आयोगले विश्वविद्यालयको सहभागितामा छात्रवृत्ति सम्बन्धी कार्यको अनुगमनको व्यवस्था गर्नेछ ।

(३) आयोगले छात्रवृत्ति सम्बन्धी समग्र पक्षको अनुगमन तथा मूल्याङ्कनका लागि समिति मार्फत कार्ययोजना बनाई कार्यान्वयनको व्यवस्था मिलाउनेछ ।

१९. <u>उच्च शैक्षिक संस्थाको कर्तव्य र भूमिका</u> :- (१) छात्रवृत्ति वितरणको लागि आवश्यक पर्ने वास्तविक विवरण आयोगमा उपलब्ध गराउनु सम्बन्धित शैक्षिक संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्यका अतिरिक्त शैक्षिक संस्थाको भूमिका देहाय बमोजिम हुनेछः

(क) आफ्नो संस्थामा अध्ययनरत विद्यार्थीको विवरण अनुसूची-६ बमोजिम भरी आयोगमा सिफारिश गरी पठाउने,

(ख) छात्रवृत्ति प्राप्त गरी अध्ययन गरिरहेका विद्यार्थीको अध्ययनको अद्यावधिक विवरण समय समयमा आयोगमा पठाउने,

(ग) विद्यार्थीको अध्ययनका लागि आवश्यक वातावरण तयार गर्ने,

(घ) आयोगले माग गरेको विवरण समयमै पठाउने,

(ङ) छात्रवृत्ति प्राप्त गरी अध्ययन गरेको विद्यार्थीले बीचमै पढाइ छाडेमा सोको जानकारी आयोगमा पठाउने,

(च) छात्रवृत्तिको अनुगमन तथा मूल्याङ्कनका लागि आयोगलाई आवश्यक सहयोग गर्ने ।

(३) छात्रवृत्तिमा अध्ययनरत विद्यार्थी सम्बन्धी अध्यावधिक विवरण सम्बन्धित शिक्षण संस्थाले प्रत्येक वर्ष अनुसूची-६ बमोजिमको ढाँचामा आयोगमा पठाउनु पर्नेछ ।

## परिच्छेद-८

## छात्रवृत्ति रकम सम्बन्धी व्यवस्था

२०.**छात्रवृत्तिको रकमः** (१) यस निर्देशिकामा अन्यथा व्यवस्था भएकोमा वाहेक उच्च शिक्षामा छात्रवृत्ति प्राप्त गर्न छनोट भएको विद्यार्थी शहीद तथा द्वन्द्वपीडितका छोराछोरी वा अपाङ्गता भएका वा आर्थिक रूपले विपन्न वा दलित वा मुक्त कमलरी वा मुस्लिम महिलालाई साधारण तथा प्राविधिक विषयतर्फ वार्षिक रुपमा स्नातक तहका लागि रु. चौविस हजार र स्नातकोत्तर तहका लागि तीस हजार रूपैयाँ उपलब्ध गराइनेछ ।

(२) उच्च शिक्षामा विशिष्टताको प्रबर्द्धन कार्यक्रम अन्तर्गत विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमतर्फ स्नातक तहको छात्रवृत्तिका हकमा साधारण विषयतर्फ वार्षिक पन्ध्र हजार रूपैयाँ र प्राविधिक विषयतर्फ एक्काईस हजार रूपैयाँ कार्यक्रम अवधिभर अर्थात सन् २०२६ को जुन महिनासम्म मात्र उपलब्ध गराइनेछ ।

(३) स्नातक तहको साधारण विषयका लागि बढीमा चार वर्षको लागि र स्नातक तहको प्राविधिक विषयका लागि अध्ययन अवधिका आधारमा बढीमा पाँच वर्षसम्म छात्रवृत्ति रकम उपलब्ध गराइनेछ ।

(४) स्नातकोत्तर तहको लागि बढीमा दुई वर्षसम्म छात्रवृत्ति कार्यक्रम वापत रकम उपलब्ध गराइनेछ ।

(५) दलित समुदायतर्फका अति न्यून आय भएका डोम, वादी, चमार र मुसहर वर्गका छनोटमा परेको स्नातक तह अध्ययन गर्ने विद्यार्थीका लागि उपलब्ध हुने विशेष छात्रवृत्ति, २०७२ बमोजिमको रकम देहाय बमोजिम हुनेछ :

(क) **चिकित्साशास्त्रतर्फ** : वार्षिक तथा सेमेष्टर प्रणालीमा भर्ना हुने विद्यार्थीको लागि त्यस्तो भर्नाको सुनिश्चितता भएको कागज पेश गरेपछि चिकित्साशास्त्रतर्फको हकमा विद्यार्थीको शुल्क लगायत शिक्षण संस्थामा भुक्तानी गर्नु पर्ने रकम चिकित्सा शिक्षा आयोगले निर्धारण गरेको शुल्कको सीमाभित्र रही र फ्याकल्टी बोर्डले स्थान विशेषको आधारमा शुल्कमा उचित रकम थप गरेको भए सो रकमका आधारमा उपलब्ध गराइनेछ ।

(ख) **इन्जिनियरिङतर्फ** :सम्बन्धित उच्च शैक्षिक संस्थाको शुल्क बाऱ्ह लाख भन्दा कम भएमा सोही बमोजिम र सो भन्दा बढी भएमा बाह्र लाखसम्म ।

(६) माथि उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि छात्रवृत्तिको रकम वार्षिक बजेटको परिधिभित्र रही समय समयमा आयोगले हेरफेर वा परिमार्जन गर्न सक्नेछ र त्यस्तो वजेट नेपाल सरकारले कटौती गरेमा आयोगले सोही बमोजिम कटौती गर्नेछ ।

विश्वविद्यालय अनुदान आयोग
२०५१
UNIVERSITY GRANTS COMMISSION
1994

(७) छात्रवृत्ति प्राप्त गर्नका लागि आयोगबाट प्रकाशित सूचनामा तोकिएको समयभित्र निर्धारित तह र वर्षका विद्यार्थीले पेश गरेको आवेदन साथ संलग्न कागजातका आधारमा विनियोजित वजेटको परिधिभित्र रही यसै निर्देशिका बमोजिम विद्यार्थीको छनोट गरी निर्धारित वा कायम रकम विद्यार्थीले आयोगलाई उपलब्ध गराएको बैंक खातामा निकासा गरिने छ ।

## परिच्छेद - ९

## विविध

२१. **निर्देशिकामा हेरफेर संशोधन वा गर्न सक्ने**: (१) यस निर्देशिकामा कुनै हेरफेर वा संशोधन गर्नु पर्ने भएमा समितिको सिफारिसमा आयोगले संशोधन वा हेरफेर सक्नेछ ।

तर थप आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रूपमा लिनुपर्नेछ ।

(२) आर्थिक दायित्व नपर्ने गरी यस निर्देशिकाको अनुसूचीमा समितिको सिफारिसमा आयोगले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२२. **प्रतिवेदन तयार गर्ने** : समितिले प्रत्येक वर्ष यस निर्देशिका बमोजिम भए गरेका कार्यको वार्षिक प्रतिवेदन तयार गरी आयोगमा पेश गर्नेछ र सोको एक प्रति मन्त्रालयमा पठाउनु पर्नेछ ।

२३. **बाधा अड्काउ फुकाउन सक्ने**: यस निर्देशिका कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइपरेमा आयोगले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

तर थप आर्थिक दायित्व पर्ने विषयमा त्यस्तो आदेश जारी गर्न सकिने छैन ।

२४. **प्रचलित कानून बमोजिम हुने** :यो निर्देशिकामा लेखिएका विषयहरू यसै निर्देशिका बमोजिम र अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछन् ।

२५. **खारेजी र बचाऊ**: (१) देहायका निर्देशिका खारेज गरिएका छन् :-

(क) उच्च शिक्षामा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९

(ख) उच्च शिक्षाको विपन्न लक्षित छात्रवृत्ति निर्देशिका (मापदण्ड), २०७८

(२) उपदफा (१) बमोजिम खारेजी भएका निर्देशिका बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

**(छात्रवृत्ति आवेदन फारम)**

फोटो

## १. आवेदक विद्यार्थीको विवरण

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थीको नाम, थर (देवानगरी) | सुरुको नाम | | | वीचको नाम | | अन्तिम नाम (थर) | | |
| | | | | | | | | |
| अंग्रेजीमा (Capital Letters) | | | | | | | | |
| नागरिकता | | | | ना.प्र.नं. | | जारी मिति: | | जारी गर्ने जिल्ला: |
| लिङ्ग | महिला | | | पुरुष | | अन्य (तेस्रो लिङ्गी) | | |
| स्थायी ठेगाना प्रदेश | | जिल्ला | | गा.पा./ न.पा | | वडा नं | | टोल/गाउँ |
| हालको ठेगाना | | जिल्ला | | गा.पा./ न.पा | | वडा नं | | टोल/गाउँ |
| सम्पर्क नम्बर | टेलिफोन : | | | | | | | |
| | मोवाइल : | | | | | | | |
| इमेल | | | | | | | | |
| जन्ममिति | वि.स. | | | | इस्वी सन् | | | |
| बाबुको नाम, थर | | | | | | | | |
| आमाको नाम, थर | | | | | | | | |
| वाजेको नाम, थर | | | | | | | | |

## २. शैक्षिक योग्यता

| | | | | | |
|---|---|---|---|---|---|
| एस.एल.सी /एस.ई.ई. | उत्तीर्ण वर्ष | | श्रेणी/प्राप्ताङ्क % वा जिपिए | | |



विश्वविद्यालय अनुदान आयोग २०५१ UNIVERSITY GRANTS COMMISSION 1994

| | | | | |
|---|---|---|---|---|
| विद्यालयको नाम, ठेगाना | | | | |
| उच्च माध्यमिक विद्यालय (१२ कक्षा) | उत्तीर्ण वर्ष | | श्रेणी/प्राप्ताङ्क % वा जिपिए | |
| अध्ययन गरेको विद्यालयको नाम, ठेगाना | | | | |
| रजिष्ट्रेसन नं. (राष्ट्रिय परीक्षा बोर्ड/प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्) | | | | |
| स्नातक तह | उत्तीर्ण वर्ष | | श्रेणी/ प्राप्ताङ्क % वा जिपिए | |
| विश्वविद्यालय रजिष्ट्रेसन नं. | | | | |
| अध्ययन गरेको शैक्षिक संस्थाको नाम, ठेगाना | | | | |

## ३. अध्ययनरत शैक्षिक संस्थाको विवरण

| | | | | |
|---|---|---|---|---|
| अध्ययनरत शैक्षिक संस्थाको नाम र ठेगाना | | | | |
| अध्ययनरत तह | स्नातक तह | | स्नातकोत्तर तह | |
